**Education Bureau**
The Government of the
Hong Kong Special Administrative Region
of the People’s Republic of China

# चिनियाँ नबोल्ने बालबालिकाका लागि किन्डरगार्टेन शिक्षा नीति सहायता

चिनियाँ भाषा नबोल्ने (NCS) बालबालिकाले प्रारम्भिक अवस्थामै चिनियाँ भाषा सिक्न शुरू गर्नाले मूलधारको पाठ्यक्रममा उनीहरूको अनुकुलन हुने र स्थानीय समुदायमा समायोजन हुने कुरालाई सहजीकरण गर्छ। NCS बालबालिकाका मातापितालाई चिनियाँ भाषा सिक्न सहजीकरण गर्नका लागि सक्दो चाँडो बालबालिकालाई गहन चिनियाँ भाषा वातावरण भएको किन्डरगार्टेन (KGs) मा पठाउन प्रोत्साहन गरिन्छ। यसको सम्वन्धमा, सरकारले KGs का बालबालिकाका लागि NCS का लागि सहायता कदमहरूको लहर शुरू गरेको छ।



In case of any discrepancy between the English version and the other language version, the English version shall prevail.

(2022 अद्यावधिक संस्करण)

Nepali

## किन्डरगार्टेनमा चिनियाँ भाषा नबोल्ने बालबालिका लागि सहायता कदमहरू

### KGs मा भर्ना

- सबै KGs ले सबै बालबालिकालाई उनीहरूको वर्ण, लिंग र क्षमता नहेरी भर्नाका लागि समान अवसर सुनिश्चित गर्नुपर्छ र उनीहरूको विद्यालयमा आधारित भर्ना संयन्त्र निष्पक्ष, न्यायोचित, खुला र भेदभावविरूद्धको अध्यादेशको पालना गर्ने गरी हुनुपर्छ।
- KGs लाई चिनियाँ र अंग्रेजी दुवै संस्करणमा उनीहरूको निवेदन फारम र सान्दर्भिक जानकारी उपलब्ध गराउन र मातापितालाई अंग्रेजी संस्करणमा जानकारी पहुँच गर्न सहजीकरण गर्न सामान्य सन्देशहरू अंग्रेजीमा उपलब्ध गराउन वा आइकन सिर्जना गर्न सम्झाइएको छ। KGs लाई विद्यालयको वेबसाइटमा स्पष्ट रूपमा उल्लेख गर्न पनि सम्झाइन्छ कि यदि NCS बालबालिकाका लागि अन्तर्वार्ताको व्यवस्था भएमा, KGs ले आवश्यकताअनुसार निवेदकहरूका लागि दोभाषे र/वा अनुवाद सेवाको व्यवस्था गर्नुपर्छ वा सञ्चार सहजीकरणका लागि अन्तर्वार्ताको क्रममा मातापिता र बालबालिकासँग एक जना चिनियाँ बोल्ने नातेदार/साथी लिएर जान दिनुपर्छ। NCS बालबालिकाका अभिभावकहरूको लागी KGs ले विद्यालयको वेबसाइटमा NCS बालबालिकालाई विद्यालयको सहयोग, सोधपुछ टेलिफोन नम्बर र इमेल ठेगानाको जानकारी उपलब्ध गराउनु पर्छ।
- नर्सरी (K1) मा मातापिता सेमिनार भर्नाहरू वार्षिक रूपमा NCS का बालबालिकाका मातापिताका लागि आयोजना गरिन्छन्। उपयुक्त अवस्थामा दोभाषे सेवा उपलब्ध गराइन्छ।
- प्रासंगिक सामग्री शिक्षा ब्यूरो (EDB) द्वारा प्रकाशित सान्दर्भिक सामग्रीहरू, जस्तै पुस्तिका, पोष्टरहरू, “KG भर्नाको लागि दर्ता प्रमाणपत्रको लागि आवेदन” मा निर्देशन नोटहरू र फारमका साथै प्रचार घोषणाहरूको उपशीर्षकहरू, विभिन्न जातिको भाषाहरूमा अनुवाद गरिएको छ।
- अग्रेजी र चिनियाँ भाषा दुबैमा प्रकाशित भएको KG प्रोफाइलले NCS विद्यार्थीहरूलाई सहायतासहित विभिन्न विद्यालयको बारेमा जानकारी उपलब्ध गराउँछ जसले मातापितालाई विद्यालयको छनोट गर्न उपयोगी सन्दर्भको रूपमा काम गर्न सक्छ।
- KGs मा भर्ना हुन खास कठिनाइ भोगिरहेका NCS बालबालिकाहरूका लागि उपयुक्त अवस्थामा EDB मा, र खाली ठाउँ रहेका KG शिक्षा योजना (योजना-KGs) मा जोडिन लागेका KGs मा सिफारिस गर्न सक्छन्।

### NCS विद्यार्थीहरूको आवश्यकता समेट्न

- KGs लाई NCS विद्यार्थीहरूको आवश्यकता समेट्न सयोग गर्नका लागि, विभिन्न विद्यालय-आधारित समर्थन सेवाहरू प्रस्ताव गरिन्छ। KGs मा भर्ना हुने NCS विद्यार्थीहरुले विद्यालय विकास आवश्यकता अनुसार सान्दर्भिक सेवाहरूको लागि आवेदन दिन सक्छन्।
- NCS विद्यार्थीहरूको चिनियाँ भाषा शिक्षण तथा सिकाइका सम्बन्धमा KG शिक्षकहरूका लागि व्यावसायिक प्रशिक्षण कार्यक्रमहरू प्रस्तावित गरिन्छ।
- 2019/20 विद्यालय वर्षबाट शुरू हुने गरी, हामीले NCS विद्यार्थीहरूलाई सहायता गर्नका लागि थप अनुदानको व्यवस्था गरेका छौं। NCS विद्यार्थीहरूलाई सहायता सुविधाका लागि भर्ना भएका NCS विद्यार्थीहरूको संख्याअनुसार योजना-KGs लाई 5-तहको अनुदान प्रदान गरिन्छ। 1 NCS विद्यार्थी भर्ना गर्ने KGs ले पनि अनुदान प्राप्त गर्छन्। 2021/22 विद्यालय वर्षका लागि उच्चतम तहको पूर्ण-वर्षको प्रावधान लगभग $800,000 छ।
- KGs लाई NCS विद्यार्थीहरूको अभिभावकसँग सञ्चार सुदृढ बनाउन मद्दत गर्न, अडियो फाइलहरूसहितको एक संचार क्यू कार्ड सेट र सामान्यतया स्कूल परिपत्रमा प्रयोग हुने टेम्पलेट्स सेट, KGs को प्रयोगका लागि विभिन्न जातिका भाषाहरूमा अनुवाद गरिएको छ।
- KG शिक्षा पाठ्यक्रम निर्देशिकाले NCS विद्यार्थीलाई स्थानीय विद्यालय वातावरणमा समायोजन गर्न सहजीकरण गर्ने निर्देशन र सिद्धान्तहरू, साथै कसरी शिक्षकहरूले NCS विद्यार्थीहरूलाई चिनियाँ सिक्न सहयोग गर्छन् भनी निश्चित रणनीति र सान्दर्भिक स्रोतहरू दिन्छ।

## अन्य जानकारी

### थप जानकारी र सहायताका लागि, कृपया EDB लाई सम्पर्क गर्नुहोस्:

| क्षेत्रीय शिक्षा कार्यालयहरूका टेलिफोनहरू: | |
|---|---|
| (HK) **2863 4646** | (NTE) **2639 4876** |
| (KLN) **3698 4108** | (NTW) **2437 7272** |

| किन्डरगार्टेन र बालहेरचाह केन्द्रको संयुक्त कार्यालयको टेलिफोन: |
|---|
| **3107 2197** |

| KGs मा भर्नाका लागि NCS बालबालिकाका मातापिताका लागि हटलाईन: |
|---|
| **2892 6676** |

### अन्य सान्दर्भिक वेवसाइटहरू:

KG शिक्षा योजना
http://www.edb.gov.hk/free-quality-kg-edu_en

KGs मा नर्सरी (K1) कक्षामा भर्ना व्यवस्थाहरू
http://www.edb.gov.hk/k1-admission_e

KG प्रोफाइल
http://www.chsc.hk/kindergarten/en

NCS विद्यार्थीहरूका लागि शिक्षा सेवाहरू
http://www.edb.gov.hk/ncs